bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४२ अंक ९० | २०८० साउन ०२ गते मंगलबार, नेपाल सम्वत् ११४३ July 18, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# १६ अरब ७२ करोड बजेट पाएको तनहुँले ११ अरब ४६ करोड ९४ लाख राजश्व संकलन गर्‍यो

## आ.व. २०७९/०८० मा तनहुँमा ८२.८६ प्रतिशत मात्र बजेट खर्च

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा आर्थिक वर्ष २०७९/०८० मा ११ अरब ४६ करोड ९४ लाख ३६ हजार ४७२ रूपैयाँ राजश्व संकलन भएको छ । संघ र प्रदेश सरकारबाट चालु र पुजीगत तर्फबाट १६ अरब ७२ करोड ५८ लाख १ हजार ६४६ रूपैयाँ बजेट प्राप्त गरेको थियो । कोष तथा लेखा नियन्त्रण कार्यालय तनहुँका अनुसार संघीय सरकार अन्तर्गतका ५६ वटा कार्यालय मध्ये २९ वटा कार्यालयहरूले ११ अरब २३ करोड ५६ लाख ३३ हजार ८३६ रूपैयाँ राजश्व संकलन गरेका छन्।

यस्तै, प्रदेश सरकार मातहत रहेका २८ वटा कार्यालय मध्ये १८ वटा कार्यालयहरूले २३ करोड ३८ लाख २ हजार ६३५ रूपैयाँ राजश्य संकलन गरेका छन् । जिल्लाका १० वटा पालिकाले उठाएको राजश्य भने आफ्नै आन्तरिक आम्दानीमा देखाउने गरेकाले यहाँ समावेश गरिएको छैन ।

तनहुँमा सबै भन्दा बढी राजश्व संकलन गर्नेमा आन्तरिक राजश्व कार्यालय रहेको छ । उक्त कार्यालयबाट १० अरब ८० करोड ४७ लाख रूपैयाँ बराबरको राजश्व संकलन भएको छ भने प्रदेश सरकार मातहत रहेको यातायात कार्यालयले १८ करोड २० लाख रूपैयाँ राजश्व संकलन गरेको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा तनहुँले प्राप्त गरेको कूल बजेटको ८२.८६ प्रतिशत मात्र खर्च गर्न सकेका छन् । तनहुँले संघ र प्रदेश सरकारबाट चालु र पुजीगत तर्फ प्राप्त गरेको १६ अरब ७२ करोड ५८ लाख १ हजार ६४६ रूपैयाँ मध्ये १३ अरब ८५ करोड ९१ लाख ८१ हजार ५०४ रूपैयाँ मात्र खर्च गरेको छ भने २ अरब ८६ करोड ६६ लाख २० हजार १४१ रूपैयाँ खर्च गर्न सकेको छैन।




कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँका प्रमुख कोष नियन्त्रक विनोद भट्टराईका अनुसार तनहुँलाई गत आर्थिक वर्षमा संघ सरकारबाट चालु तर्फ प्राप्त गरेको ९ अरब ५८ करोड २४ लाख २० हजार ४८० रूपैयाँ मध्ये ९ अरब ४ करोड २५ लाख ६७ हजार ४५३ रूपैयाँ अर्थात ९४.३६ प्रतिशत खर्च गरेको छ भने ५३ करोड ९८ लाख ५३ हजार २६ रूपैयाँ खर्च हुन सकेको छैन ।

यस्तै, प्रदेश सरकार अन्तर्गतको चालु तर्फ ८८ करोड ६९ हजार ५८९ रूपैयाँ बजेट प्राप्त गरेकोमा ७५.४९ प्रतिशत अर्थात ६६ करोड ४४ लाख १७ हजार ८४९ रूपैयाँ मात्र खर्च भएको छ भने २१ करोड ५६ लाख ५१ हजार ७३९ रूपैयाँ खर्च हुन सकेको छैन ।

पुजिगत तर्फ संघ सरकारबाट प्राप्त ३ अरब ३२ करोड २७ लाख ९६ हजार ३९० रूपैयाँ बजेट मध्ये ६५.९३ प्रतिशत अर्थात २ अरब १९ करोड ९ लाख ७४ हजार २०६ रूपैयाँ खर्च भएको छ भने १ अरब १३ करोड १८ लाख २२ हजार १८३ रूपैयाँ बाँकी रहेको छ ।

यस्तै, पुजिगत तर्फ प्रदेश सरकारबाट प्राप्त २ अरब ९४ करोड ५ लाख १५ हजार १८७ रूपैयाँ बजेट मध्ये ६६.६९ प्रतिशत अर्थात १ अरब ९६ करोड १२ लाख २१ हजार ९९४ रूपैयाँ खर्च भई ९७ करोड ९२ लाख ९३ हजार १९२ रूपैयाँ खर्च हुन नसकेको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएका छन् ।

आर्थिक मसान्तमा खर्च गर्ने प्रवृत्ति तनहुँमा यस आर्थिक वर्षमा पनि रोकिन सकेको छैन । असरा महिनामा मात्र कुल बजेटको १६.५२ प्रतिशत खर्च भएको छ । प्रमुख कोष नियन्त्रक भट्टराईका अनुसार असार महिनामा संघ र प्रदेश सरकारको चालु र पुजीगत तर्फको एकमुष्ठ २ अरब ७६ करोड ४३ लाख ३५ हजार ६७५ रूपैयाँ बजेट खर्च भएको छ ।

असार महिनामा संघ सरकारको चालु खर्च तर्फ १ अरब २० करोड ३८ लाख ५० हजार १५ रूपैयाँ (१२.५६ प्रतिशत) र पुजीगत तर्फ ५८ करोड ९१ लाख ३७ हजार १९४ रूपैयाँ (१७.७३ प्रतिशत) खर्च भएको छ ।

यस्तै, प्रदेश सरकार अन्तर्गत चालु तर्फको १५ करोड ८० लाख १९ हजार ९०६ रूपैयाँ (१७.९५ प्रतिशत), पुजीगत तर्फको ८१ करोड ३३ लाख २८ हजार ५५९ रूपैयाँ (२७.६५ प्रतिशत) बजेट असार महिनामा खर्च भएको प्रमुख कोष नियन्त्रक भट्टराईले जानकारी गराए ।

तनहुँका ४ नगरपालिका र ६

बाँकी तेश्रो पेजमा

# मनाइयो साउने संक्रान्ति

**भञ्ज्याङ समाचारदाता**/दमौली

असार महिनामा धान रोप्दा लागेको हिलो पखाली छाला रोग नलागोस् भन्ने कामनाले सोमबार साँझ घर घरमा लुतो फाली साउने संक्रान्ति पर्व मनाइएको छ । नेपालीले परम्परा अनुसार कागभलायो, कुकरडाइनो, लुतेझार, पानीअमला, कागती, अम्बा, नासपाती आदि औषधिका रूपमा समेत प्रयोग हुने वनस्पति राखेर कण्डारक नाम गरेका राक्षसको पूजा गरी बेलुकी अगुल्टो फाल्ने विधि छ । यसलाई लुतो फाल्ने भनिन्छ। यो विधि साउने संक्रान्तिको बेलुकी सम्पन्न गरिन्छ।





अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यस क्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद् प्रा तोयराज नेपाल बताउँछन् ।

लुतो फाल्दा आ–आफ्नो कूल परम्पराअनुसार नाङ्लो ठटाउने, शंख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ । सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन सोमबार देशभर साउने संक्रान्ति पर्व मनाइएको हो ।

यस्तै, पहिले र अहिलेको लुतो फाल्ने चलनमा धेरै परिवर्तन भएको देखिन्छ । अहिले धसिंगलेसँगै नरकटका बोट, तितेपातीजस्ता विभिन्न वनस्पति वनपाखा गएर जम्मा गर्ने संस्कृति हराएको पाइन्छ। यसको साटो छवालीका मुठा बाल्ने चलन छ । पहिले लुतो फाल्ने परम्पराका नाममा विविध वनस्पतिको संरक्षण गरिने परिपाटी हराएको देखिन्छ ।

साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले यसै दिनदेखि दक्षिणायन सुरू हुन्छ । माघ १ गते सुरू हुने उत्तरायण र साउन १ गते सुरू हुने दक्षिणायनका दिनलाई विशेष रूपमा मनाउने गरिन्छ । एक महिना काम गर्ने किसान साउन १ गते आफन्तका साथ जम्मा भई रमाइलो गरेर मनाएका छन् । साउन महिनालाई विशेष रूपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ । महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि धर्मशास्त्रविद् गौतमले बताउनुभयो ।

साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ । साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ। यसैले साउन महिना एवं सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्ने गर्छ ।

# बन्दिपुरका दुग्ध उत्पादक कृषकलाई अनुदान रकम बितरण

**भञ्ज्याङ समाचारदाता**/डुम्रे

तनहुँको बन्दिपुर गाउँपालिकाले वडा नं. १, बेलभञ्ज्याङका दुग्ध उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान रकम बितरण गरेको छ । कृषकले उत्पादन गरेका दुधमा प्रति लिटर १.५ रूपैयाँका दरले ९६ हजार ८७ रूपैयाँ अनुदान बितरण गरेको हो।




गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापा, वडा नं. १, का वडाध्यक्ष शिव कुमार श्रेष्ठ, सुर्योदय दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष रूद्र निधि नैनाबस्ती तथा लेखा संयोजक सुर्य गिरीको उपस्थितिमा किसानहरूलाई उक्त रकम हस्तान्तरण गरिएको थियो।

यस्तै, प्रदेश सरकारबाट प्रति लिटर २.४५ रूपैयाँ गरी २ लाख ७६ हजार ३ सय रूपैयाँ सुर्योदय दुग्ध उत्पादक सहकारी संस्थाबाट किसानहरूलाई वितरण गरिएको वडा अध्यक्ष श्रेष्ठले जानकारी दिए।

सबै भन्दा धेरै दुध उत्पादन गर्ने किसान भोजनाथ पराजुलीलाई १ लाख ४४ हजार रूपैयाँ अनुदान रकम प्रदान गरिएको उक्त सहकारीका उपाध्यक्ष टिकाराम गिरीले जानकारी दिए ।

# कक्षा ११ मा भर्ना : भविष्यको योजना बनाएर विषय रोज्ने कि लहडमा ?

**प्रकाश सिलवाल**/काठमाडौं

माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षाफल प्रकाशनसँगै कक्षा ११ मा भर्नाका लागि विद्यार्थी र अभिभावक कुन विषय कहाँ पढ्ने भनेर भौंतारिरहेका छन् । कक्षा ११ र १२ अध्यायन हुने अधिकांश शिक्षालयमा प्रवेश परीक्षाको प्रबन्ध गरिएकाले विद्यार्थी एकभन्दा धेरै विद्यालयमा परीक्षा दिन व्यस्त भएका छन् । उनीहरूले प्राप्त स्तरीकृत अङ्कका आधारमा कुन शिक्षालयमा छात्रवृत्ति वा कति शुल्क छुट पाइन्छ भनेर चासोपूर्वक बुझिरहेका छन् ।

कतिपय ठूला भनिएका निजी क्षेत्रका कलेजसमेतले कक्षा ११ मा भर्ना प्रक्रिया लगभग पूरा गरिसकेका छन् । परीक्षाको वार्षिक कार्यतालिका अनुसार भर्नाको राष्ट्रिय क्यालेन्डर लागू नहुँदा विद्यार्थी र अभिभावकमा एक प्रकारको अन्योल देखिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले यसको समग्र व्यवस्थापनका लागि केन्द्रीय शैक्षिक निकाय र सम्बन्धित स्थानीय तहले समन्वय गर्नुपर्नेमा आफूहरूले स्मरण गराएको बताउनुभयो । बोर्डले स्तरीकृत परीक्षाका लागि जोड दिँदै आएको छ ।

काठमाडौं महानगरपालिकाले एसइईको नतिजा प्रकाशन भएको १५ दिनसम्म भर्नाका लागि समय दिन सार्वजनिक सूचना गरेको छ भने छात्रवृत्तिका लागि परीक्षा आफैँले लिने तयारी गरेको छ । महानगरपालिकाभित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा शैक्षिकसत्र २०८०/८१ मा छात्रवृत्तिमा पढ्न चाहनेले यही असार २८ गतेदेखि साउन १२ गतेसम्म अनलाइन आवेदन फाराम भर्न सूचनामा भनिएको छ । छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा सञ्चालन हुनेछ ।

महानगरपालिकाले कक्षा ११ मा निजी (संस्थागत) विद्यालयले लिने शुल्कको विवरण भर्नाअगावै उपलब्ध गराई स्वीकृत गराउन पनि निर्देशन दिएको छ । मुलुकका अधिकांश स्थानीय तहले भने व्यवस्थितरूपमा कक्षा ११ र १२ को शिक्षाबारे अनुगमन र निर्देशनमा ध्यान दिन सकेका छैनन् ।

कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम् औसत ग्रेड प्वाइन्ट (जिपिए) का एक दशमलव छ अङ्क प्राप्त गरेका विद्यार्थी योग्य हुनेछन्। यसका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गराइसकेको छ ।

पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमले आफ्नो विद्यालयमा कक्षा ११ मा विज्ञान विषय पढ्न ८० विद्यार्थीको कोटा रहेकामा पहिलो

बाँकी तेश्रो पेजमा



**भेडाको उनबाट धागो :** गोरखाको बारपाक सुलिकोट गाउँपालिका–१ बारपाकका महिलाहरू भेडाको उनबाट हातैले धागो बनाउँदै । बारपाकमा अधिकांश स्थानीयले भेडा पालन गर्छन् ।
*तस्बिर : दीपक श्रेष्ठ/रासस*

# पोखरामा एक करोड लिटर क्षमताको डिजल भण्डारण

**रासस/पोखरा**

पोखरामा १० हजार किलोलिटर अर्थात् एक करोड लिटर डिजल भण्डारण क्षमताका दुई वटा गृहको उद्घाटन गरिएको छ । कास्कीको पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौँडामा नेपाल आयल निगमले निर्माण गरेको डिजल भण्डारण गृहको आज उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्घाटन गर्नुभयो । सो अवजसरमा मन्त्री रिजालले पोखरामा इन्धन भण्डारण गृह निर्माणले मुलुकको ऊर्जा पूर्वाधारलाई सुदृढ गर्दै राष्ट्रको ऊर्जा सुरक्षा सुनिश्चित गरेको धारणा राख्नुभयो। नेपाल आयाल निगमका प्रबन्ध निर्देशन ई उमेशप्रसाद थानीले गगनगौँडामा रहेको यस डिपोको भण्डारण क्षमता विस्तारले गण्डकी प्रदेशमा पेट्रोलियम पदार्थको बिक्री वितरणलाई सुदृढ बनाउन कोसेढुङ्गा सावित हुने बताउनुभयो ।

नेपाल आयल निगमले विसं २०५८ सालपछि निगमको आफ्नै लगानीमा अघि बढाई मुलुककै डिजल भण्डारणको हिसाबले दोस्रो ठूलो पेट्रोलियम भण्डारण रहेको उहाँको भनाइ छ। "निर्माण भएका यी भण्डारण गृह तथा पूर्वाधारहरु निगमको भौतिक पूर्वाधारमा प्रगति, नवीनता र आधुनिकताको प्रतीकका रुपमा खडा भएका छन्", उहाँले भन्नुभयो । सो अवसरमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपाल जस्तो भूपरिवेष्ठित मुलुकका लागि इन्धन भण्डारण क्षमता विस्तार आवश्यक भएको बताउनुभयो। उहाँले यो भण्डारण गृह पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसँगै सञ्चालन आउनुपर्ने भए पनि केही ढिलाइ गरी भएको बताउनुभयो । "विमानस्थल सञ्चालनमा आएसँगै इन्धन भण्डारण गृह पनि सञ्चालनमा आएको भए राम्रो हुन्थ्यो, आगामी दिनमा यस्ता एक अर्काका परिपूरक संरचना निर्माण गर्दा ध्यान दिनुपर्छ", प्रमुख आचार्यले भन्नुभयो ।

**एक महिनाको माग धान्ने क्षमता**

निगमका प्रबन्ध निर्देशक थानीका अनुसार गण्डकी प्रदेशमा हरेक दिन करिब चार लाख ६७ हजार लिटर पेट्रोलियम पदार्थ खपत हुन्छ । हाल एक दिनमा यस प्रदेशमा तीन लाख २० हजार लिटर डिजल र एक लाख ६० हजार लिटर पेट्रोल बिक्री वितरण भइरहेको छ । यस डिपोमा हाल २२ लाख ८० हजार लिटर डिजल र १० लाख १० हजार लिटर पेट्रोलको भण्डारण क्षमता छ।

प्रदेशभरको हालको दैनिक खपत र भण्डारण अवस्था तुलना गर्दा डिजलको माग करिब सात दिन र पेट्रोलको माग करिब दुई दिन मात्रै धान्न सक्ने क्षमता छ । थानीका अनुसार आज उद्घाटन भएका नयाँ भण्डारण परियोजना सञ्चालनमा आएपछि प्रदेशमा डिजलको भण्डारण करिब ३० दिनभन्दा बढी पुग्नेछ भने साविकको सात सय ६० केएल क्षमताको मट्टितेल ट्याङ्कको पेट्रोल ट्याङ्क भएको रुपान्तरणले दुई दिनका लागि मात्रै पुग्ने पेट्रोलको भण्डारण करिब १० दिनभन्दा बढी माग धान्न सक्ने भएको छ ।

"विसं २०५८ पछि क्षमता विस्तार र स्तरोन्नति हुन नसकेको यस डिपो अब अमलेखगञ्ज, थानकोटपछि नेपालको तेस्रो ठूलो पेट्रोलियम भण्डारण गृह बनेको छ", उहाँले भन्नुभयो । निर्माण सम्पन्न परियोजनाले काठमाडौं लगायतका अन्य क्षेत्रको ब्याकअपका रुपमा पनि काम गर्ने उहाँको भनाइ छ । नवनिर्मित भण्डारण गृहमा एक नयाँ पहुँच सडक, २४ लाख लिटर क्षमताको पानी भण्डारण ट्याङ्क, चालक तथा सुरक्षाकर्मीका लागि नयाँ संरचना निर्माण गरिएको छ । इन्धन भण्डारण ट्याङ्क, अग्नि नियन्त्रण उपकरण तथा प्रणाली र यसमा जडान भएका संरचनाहरु जर्मन प्रविधिमा आधारित पूर्ण स्वचालित छन् ।

डिजल लोड तथा अनलोड सुविधा पूर्णरुपमा स्वचालित र उच्च प्रविधियुक्त तथा आधुनिक सुरक्षा प्रविधिमा आधारित रहेको निगमको भनाइ छ । नयाँ भण्डारण गृहमा २० हजार लिटर क्षमताका ३२ देखि ४० ट्याङ्करले दैनिक डिजल अनलोड गर्न सक्नेछन् । ट्याङ्कर लोड तथा अनलोडका लागि प्रतिघण्टा एक सय २० किलोलिटर क्षमताका छ वटा पम्प जडान गरिएको छ । चार वटा लोडिङ तथा अनलोडिङ बे निर्माण सम्पन्न भएको छ । साथै भण्डारण गृहको तापमान, इन्धन, चुहावट, आगलागी लगायतको दुर्घटना पहिचान गर्न विशेष प्रविधि डिपोमा जडान गरिएको छ ।

आपत्कालीन अवस्था आएको खण्डमा एकै स्वीचमा सबै प्रणाली बन्द गर्न सकिने एकीकृत रिमोट कन्ट्रोल प्रविधि जडान गरिएको छ । कुनै पनि कारणबाट डिपोमा आगलागी भएको खण्डमा करिब दुई घण्टासम्म निरन्तर आगो नियन्त्रणका लागि लड्ने क्षमताको पूर्वाधार डिपोमा निर्माण गरिएको छ। सत्तरी प्रतिशत पानी र ३० प्रतिशत फोमयुक्त नियन्त्रण उपकरण त्यसका लागि प्रयोग गर्न सकिने गरी पूर्वाधार निर्माण गरिएको छ ।

# कक्षा ११ मा भर्ना : भविष्य ........

चरणमा यही साउन ३ गते प्रवेश परीक्षा लिइने र कोटा पूरा नभए अर्को परीक्षा लिइने जानकारी दिनुभयो । पर्याप्त प्रयोगशाला अभावकाका कारण विद्यालयले विद्यार्थीको कोटा बढाउन सकेको छैन । विद्यार्थीले विषय र शिक्षालय रोज्दा साथीसाथीको लहैलहैमा लागेर नभई भोलिको आफ्ना योजना के छ, त्यसलाई पूरा गर्न कहाँ सहज हुन्छ भन्ने आधारमा विद्यालय छान्न उहाँले सुझाव दिनुभयो ।

जेभियर इन्टरनेशनल स्कुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारीले विद्यार्थीले सुनेको सूचनाका आधारमा मात्र नभई आफैँले सामाजिक सञ्जालबाट अध्ययन र स्थलगत अवलोकन गरेर शिक्षालयको गुणस्तर, उचित वातावरण, शिक्षण प्रक्रियाको टुल्स, अन्तर्राष्ट्रियस्तर आदि हेरेर विषय र विद्यालय रोज्ने गरेको पाइएको बताउनुभयो । जिपिए ४ ल्याउने कतिपय विद्यालय आफ्नो कलेजमा भर्नाका लागि आएको उल्लेख गर्दै उहाँले निजी शिक्षालयबीच हुने स्वच्छ प्रतिस्पर्धालाई सबैले स्वीकार्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली उपभोक्ता महासङ्घका प्रवक्ता लुमडी कार्कीले उस्तै विषय उस्तै शिक्षालयमा पढ्न कतै वर्षमा रू ५० हजार भए हुने र कतै रू पाँच लाखसम्म लाग्ने स्थिति देखिएकाले यसबारे आफूहरूले स्थलगत अध्ययन गरी प्रतिवेदन ल्याउने तयारी गरेको जानकारी दिनुभयो ।

उहाँले उपभोक्तालाई हुने यस प्रकारको भ्रम चिर्न र ठगी रोक्न कानुनी उपचारमा जान आफूहरू बाध्य हुने बताउनुभयो । हाल कक्षा ११ र १२ मा सामुदायिक तीन हजार छ सय ८६, निजी एक हजार एक सय ३२ र धार्मिक २८ गरी चार हजार आठ सय ४६ विद्यालय छन् । शिक्षा तथा मानवस्रोत केन्द्रका अनुसार शैक्षिकसत्र २०७९ मा कक्षा ९ देखि १२ सम्ममा ७५ दशमलव चार प्रतिशत खुद भर्नादर रहेको छ भने कक्षा १२ सम्मको टिकाउ दर ३५ दशमलव छ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको अवधिमा कूल सात हजार नौ सय ३७ ले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएको आँकडा छ ।

बोर्डका अनुसार यस वर्ष जिपिए शून्य दशमलव ८० देखि एक दशमलव २० ग्रेडमा २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत र जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत छन् । उनीहरूले ग्रेडवृद्धिको परीक्षामा नतिजा नसुधारेसम्म कक्षा ११ मा भर्ना पाउँदैनन् ।

बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई), २०७९ मा सहभागी विद्यार्थीले प्राप्त ग्रेडमा चित्त नबुझेमा पुनर्योगका लागि आगामी साउन ५ गतेसम्म आवेदन दिन सूचना प्रकाशन गरेको छ । साधारण र प्राविधकतर्फ नियमित तथा ग्रेडवृद्धि परीक्षामा सहभागी विद्यार्थीले तोकिएको ढाँचा र प्रक्रियाबमोजिम पुनर्योग गराउन आवेदन दिन सक्नेछन् । रासस

**काठमाडौं गंगालाल हस्पिटलका मुटुरोग विशेषज्ञ डा. मिर्लुङ पोलीक्लिनिक दमौलीमा**

**साउन ५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ति लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरू थाहा पाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

*१) छातीको बिच भागमा दुख्ने, २) दम बढ्ने, ३) खुट्टाहरू सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औंलाका टुप्पा निलो हुने, ६) औंलाका टुप्पाहरू बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरू दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झडका दिदै अनियन्त्रित रूपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।*

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ ।

**साउन ६ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनुहुन्छ । रोगसंग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।

२) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. सबनम आचार्य**द्वारा भिडियो एक्सरे सेवा ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) **डा. सुशिल बिक**द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# १६ अरब ७२ करोड बजेट ........

गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० का लागि संघ सरकारबाट प्राप्त ४ अरब ६६ करोड ६० लाख ७४ हजार बजेट मध्ये ९१.२२ प्रतिशत अर्थात ४ अरब २५ करोड ६३ लाख ७४ हजार ८२८ रूपैयाँ खर्च गरेका छन् ।

यस्तै, प्रदेश सरकारबाट प्राप्त २८ करोड ३१ लाख ८८ हजार रूपैयाँ बजेट मध्ये ७६.८१ प्रतिशत अर्थात २१ करोड ७५ लाख २५ हजार ६४५ रूपैयाँ मात्र तनहुँका पालिकाहरूले खर्च गर्न सकेका छन् ।

तनहुँमा अर्थ बजेटको रकमान्तर तर्फ तलबमा ३० करोड ४६ लाख १ हजार ४६४ रूपैयाँ र निवृत्तिभरण कोष तर्फ ८२ लाख २४ हजार ७८२ रूपैयाँ गरी ३१ करोड २८ लाख ७६ हजार २४६ रूपैयाँ खर्च भएको छ ।

यस्तै, तनहुँमा आर्थिक वर्ष २०७८/०७९ मा संघ सरकारबाट १२ अरब ६६ करोड ८२ लाख ८६ हजार रूपैयाँ बराबरको बजेट प्राप्त भएकोमा ७८.०४ प्रतिशत अर्थात ९ अरब ८९ करोड २६ लाख ४७ हजार रूपैयाँ खर्च भएको थियो । प्रदेश सरकारबाट ३ अरब १८ करोड ५१ लाख १६ हजार रूपैयाँ बजेट प्राप्त भएकोमा ७४.५५ प्रतिशत अर्थात २ अरब ३७ करोड ४७ लाख १ हजार रूपैयाँ बराबरको बजेट खर्च भएको थियो ।



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**देवघाटमा स्नान गर्दै भक्तजन :** साउने संक्रान्ति तथा साउनको पहिलो सोमबारका दिन पवित्रस्थल देवघाट धाममा स्नान गर्दै भक्तजन। साउनको सोमबार देवघाटमा स्नान गरी भगवान शिवको पूजा आराधना गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको छ । *तस्बिर : भञ्ज्याङ*

## facebook twitter



**जिशन मयल**
twitter.com/Jisanmayal

मान्छे त्यो चाहन्छ जुन आफुसँग हुदैन । हरेक दिन राम्रो भन्दा राम्रो पाउने आशामा मान्छेले आफैभित्रको त्यो मान्छेलाई भुलिसकेका छन् जुन उ आफु हो जो केही नहुदा नि हिजो खुसि हुन सक्थ्यो । जीवन जिउनुको सार्थकतालाई बुझौ ।



**एकल यात्रि**
twitter.com/Trvms111

गल्ति गरेका ब्यक्तिलाई लाग्दो हो मैले गरेका कुकर्महरू कोहि कसैले देखेका छैनन् भनी भ्रमको खेति पालि बसेका हुन्छन तर भगवानले हेरिरहेका देखिरहेका र स्वयम् आफ्नै आत्मालाई थाह हुन्छ तरपनि त्यस्ता ब्यक्ति सुन्ने कोसिस गर्दैनन् । मनभित्र आफ्नै किसिमको ईगोले काम गरिरहेको हुन्छ ।



**सुष्मा आचार्य**
twitter.com/acharya_susma

कुनैपनि समस्याले हाम्रा दैनिक क्रियाकलाप संचालनमा कुनै अवरोध छैन भने एकदमै राम्रो तर समस्याले हाम्रा दैनिक कृयाकलाप संचालनमा १ हप्ता वा १५ दिन बढि भईसक्यो बाधा पुऱ्याइराखेका छन् भने मनोसामाजिक समस्या हुनसक्छ घरपरिवार, मिल्ने साथीभाई मनोविमर्शकर्तासंग शेयर गर्नुहोला उपाय बिकल्प निस्कन्छ ।

# गत आवमा करिब ८० प्रतिशत बजेट खर्च

**हेमन्त जोशी**/काठमाडौं

गत आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारले वार्षिक लक्ष्यको करिब ८० प्रतिशत बजेट खर्च गरेको छ । गत आवका लागि सरकारले कूल रू १७ खर्ब ८३ अर्ब ७३ करोड ६३ लाख बराबरको बजेट ल्याएको थियो । आव सकिँदासम्ममा उक्त विनियोजित बजेटमध्ये ७९ दशमलव ६९ प्रतिशतअर्थात् रू १४ खर्ब २९ अर्ब ५६ करोड ४० लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । गत आव चालुतर्फ ८५, पुँजीगततर्फ ६१ दशमलव ४४ र वित्तीय व्यवस्थातर्फ ८२ दशमलव ५८ प्रतिशत बजेट खर्च भएको छ। चालु शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ लाख ५१ हजार बराबरको बजेट विनियोजन भएको रू १० खर्ब पाँच अर्ब ७५ करोड ९४ लाख बराबर खर्च भएको छ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर विनियोजन भएकोमा रू दुई खर्ब ३३ अर्ब ६९ करोड ५९ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा रू दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाखको वार्षिक बजेट रहेकोमा रू एक खर्ब ९० अर्ब १० करोड ८७ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

### राजस्व असुली करिब ७१ प्रतिशत

गत आर्थिक वर्षमा सरकारको बजेट खर्चभन्दा राजस्व असुली न्यून देखिएको छ । गत वर्ष कूल आयभन्दा बढी भएको व्ययअर्थात् बजेट घाटा रू तीन खर्ब ९७ अर्ब ८७ करोड १९ लाख बराबर देखिएको छ । कूल रू १४ खर्ब ५८ अर्ब ६० करोड ५३ बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको सरकारले सुरूआती लक्ष्यको ७९ दशमलव ६९ प्रतिशत मात्रै राजस्व उठाएको हो । आन्तरिक राजस्वतर्फ रू १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख असुली गर्ने सरकारको लक्ष्य रहेकोमा ६८ दशमलव २१ प्रतिशतअर्थात् रू नौ खर्ब ५७ अर्ब १५ करोड ४१ लाख बराबर मात्रै राजस्व उठेको छ ।

त्यस्तै, रू ५५ अर्ब २४ करोड ८३ लाख बराबर वैदेशिक अनुदान उठाउने सरकारको लक्ष्य थियो । उक्त लक्ष्यको ३८ दशमलव ४ प्रतिशत अर्थात् रू २१ अर्ब २९ करोड ७५ लाख बराबर मात्रै वैदेशिक अनुदान आएको छ ।

### दुई पटक संशोधन गर्दा पनि भेटिएन लक्ष्य

सरकारले गत आवको आय र व्ययको अनुमान दुइपटक संशोधन गरेर घटाएको थियो । पहिलोपटक गत माघमा बजेटको अर्धवार्षिक समीक्षामार्फत र दोस्रोपटक गत जेठ १५ गते चालु आव २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दा सरकारले राजस्व र खर्चको अनुमान घटाएको थियो तर दोस्रोपटक संशोधन गरेर घटाइएको लक्ष्य पनि पूरा हुन सकेन । दोस्रोपटक संशोधित अनुमानअनुसार गत आर्थिक वर्षमा सरकारले रू १५ खर्ब चार अर्ब ९९ करोडअर्थात् सुरूआती विनियोजनको




८३ दशमलव ९० प्रतिशत बजेट खर्च गर्ने लक्ष्य निर्धारण गरेको थियो तर उक्त लक्ष्य भन्दा वास्तविक खर्च रू ७५ अर्ब ४२ करोड ६० लाखले न्यून देखिएको छ । जुन रकम चार दशमलव २१ प्रतिशत विन्दुले न्यून हो ।

दोस्रोपटकको संशोधन पछि चालु खर्च रू १० खर्ब ४३ अर्ब ४९ करोडअर्थात् सुरूआती विनियोजनको ८८ दशमलव १८ प्रतिशत, पुँजीगत खर्च रू दुई खर्ब ५८ अर्ब ३४ करोडअर्थात् सुरूआती विनियोजनको ६७ दशमलव ९१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब तीन अर्ब २६ करोडअर्थात् सुरूआती विनियोजनको ८८ दशमलव २९ प्रतिशत खर्च हुने लक्ष्य राखिएको छ तर उक्त लक्ष्यभन्दा चालु खर्च रू ३७ अर्ब ७३ करोड छ लाख, पुँजीगत खर्च रू २४ अर्ब ६४ करोड ४१ लाख र वित्तीय व्यवस्थातर्फको खर्च रू १३ अर्ब १५ करोड १३ लाखले न्यून हो ।

दोस्रोपटकको संशोधित लक्ष्यभन्दा वास्तविक खर्च चालुतर्फ तीन दशमलव १८ प्रतिशत विन्दु, पुँजीगततर्फ छ दशमलव ४७ प्रतिशत विन्दु र वित्तीय व्यवस्थातर्फ पाँच दशमलव ७१ प्रतिशत बिन्दुले न्यून हो ।

### असारमा मात्रै करिब १८ प्रतिशत बजेट खर्च

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत जेठ मसान्तसम्ममा सरकारको बजेट खर्च रू ११ खर्ब ७३ अर्ब बराबर थियो । असार मसान्तसम्म आइपुग्दा यस्तो खर्च रू १४ खर्ब २९ अर्ब नाँघेको छ । अर्थात् असार महिनामा मात्रै सरकारले रू दुई खर्ब ५६ अर्ब ५० करोड ९० लाख बराबर खर्च गरेको छ। असार महिनामा मात्र भएको बजेट भुक्तानी कूल वार्षिक खर्चको १७ दशमलव ९४ प्रतिशत बराबर हो।

खर्चसम्बन्धी यो तथ्याङ्क हेर्दा समयमा विकास खर्च गर्न नसक्ने र आवको अन्त्यमा हतारमा ठूलो रकम भुक्तानी दिने खराब परिपाटीले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ । बर्सातको भुक्तानीले विकास निर्माणका कामको गुणस्तरमा सम्झौता हुने र आर्थिक अनुशासनकोसमेत गम्भीर उल्लङ्घन भइरहेको विषय महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउँदै आएको छ ।

वार्षिक विनियोजनको ठूलो अंश असारमा मात्रै भुक्तानी प्रवृत्तिलाई रोक्नुपर्ने सुझाव पनि महालेखाले हरेक वर्ष सरकारलाई दिँदै आएको छ । विद्यमान कानुनी व्यवस्थाको पालना हुन नसक्नु, अर्थमन्त्रालयले निगरानीको भूमिका बहन गर्न नसक्नु, बजेटमा चर्को राजनीतिक हस्तक्षेप हुनु, विषयगत मन्त्रालयका सचिव तथा विभागका महानिर्देशकलाई जिम्मेवार बनाउन नसक्नु तथा कर्मचारीको चाँडो–चाँडो सरूवा हुनुलाई आवको अन्त्यमा खर्च बढ्नुको मुख्य कारण रहेको विषय पनि महालेखाले औँल्याउँदै आएको छ । सरकारले भने गत वर्ष मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका कारण पनि न्यून बजेट खर्च भएको बताउँदै आएको छ ।

### महालेखाले हरेक वर्ष भन्छ : 'बर्सातको भुक्तानी रोक्नु'

बर्सातमा हतारमा कागज मिलाउने र भुक्तानी माग्ने प्रवृत्ति हरेक वर्षको समस्या हो । बर्सातको खर्चमा आर्थिक अनुशासन मिचिने बढी सम्भावना हुनेहुँदा यस्तो खर्च रोकिनुपर्ने भन्दै महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउने गरेको छ । अघिल्लो आव २०७८/७९ मा कूल बजेट खर्चको २१ प्रतिशत असार महिनामा मात्र खर्च भएको थियो । अघिल्लो आर्थिक वर्षका लागि रू १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख बराबरको बजेट विनियोजन भएकोमा कूल खर्च रू १३ खर्ब नौ अर्ब ८७ करोड ४३ लाख बराबर थियो । यस्तो खर्चमध्ये असार महिनामा मात्र रू दुई खर्ब ९ अर्ब ७५ अर्ब नौ करोड २५ लाखअर्थात् कुल खर्चको २१ प्रतिशत बराबर भुक्तानी भएको देखिन्छ ।

त्यस्तै असार महिनाको अन्तिम हप्तामा मात्र रू ९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजारअर्थात् कूल वार्षिक खर्चको सात दशमलव ५६ प्रतिशत भुक्तानी भएको महालेखा परीक्षक कार्यालयको ६० औं प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सरकारले बर्सातमा ठूलो सङ्ख्यामा रकमान्तरसमेत गर्ने गरेको देखिन्छ । अघिल्लो आव २०७८/७९ मा कूल रू एक खर्ब ९६ अर्ब ४१ करोड ४८ लाखअर्थात् कूल बजेटको १२ प्रतिशत रकमान्तर गरेको थियो । महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदनअनुसार अघिल्लो आवको असार महिनामा मात्र रू ८२ अर्ब ८० करोड ६७ लाख र असारको अन्तिम हप्ता मात्र रू २७ अर्ब बराबर रकमान्तर भएको थियो । रकमान्तरको यस्तो प्रवृत्ति हटाउनुपर्ने सुझाव महालेखाको प्रतिवेदनले दिएको छ । रासस

# म्याग्देमा पालिकास्तरीय हुलाकको कार्यालय स्थापना

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको म्याग्दे गाउँपालिकामा पालिका स्तरीय हुलाक सेवाको शुभारम्भ गरिएको छ । सरकारको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तब्यमा 'एक पालिका एक हुलाकको अवधारणा कार्यान्वयन गरिनेछ' भन्ने नीति कार्यान्वयनको क्रममा सोमबार आर्थिक वर्षको पहिलो दिनमै हुलाकको पालिकास्तरीय कार्यालय शुभारम्भ गरिएको हो ।

हुलाक सेवा विभागको परिपत्र र निर्देशन बमोजिम म्याग्दे गाँउपालिका–४ छाङ्ग स्थित घुम्तीमा पालिका हुलाक कार्यालय स्थापना गरिएको जिल्ला हुलाक कार्यालय तनहुँका प्रमुख मित्रलाल भट्टराईले जानकारी दिए । सो कार्यालयको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र जिल्ला हुलाक कार्यालय तनहुँका प्रमुख मित्रलाल भट्टराईले संयुक्तरूपमा शुभारम्भ गरेका थिए ।




म्याग्देमा यस अघि इलाका स्तरको हुलाक कार्यालय समेत नरहेको हुँदा पालिका स्तरको हुलाक कार्यालयको स्थापना गरिएको जिल्ला हुलाक कार्यालयका प्रमुख भट्टराईले जानकारी दिए । सो अवसरमा म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले हुलाकको स्थापना भएपछि म्याग्देका जनतालाई सुचनाको आदान प्रदानमा सहज हुने विश्वास व्यक्त गरे । अध्यक्ष श्रेष्ठले स्थानीय तहसँग समन्वय गरि जनताले सहज र सरल तरिकाले सेवा प्राप्त गर्ने विश्वास लिए ।

गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जिल्लाका अन्य सेवा जस्तै हुलाकलाई पनि पालिकासँग समन्वय गरेर सेवा प्रवाह गरेमा अझ प्रभावकारी हुने बताए । सो कार्यक्रमको सन्चालन जिल्ला हुलाक कार्यालयका नासु सचिन पौडेलले गरेका थिए भने स्वागत मन्तव्य कार्यालयका खरिदार हिमलाल ढुंगानाले गरेका थिए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४